दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३१४ | बुटवल | २०८१ मंसिर ०६, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Nov.21, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## पुथा उत्तरगंगा-२ को अध्यक्षमा घर्ती निर्विरोध



बुटवल । रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका-२ को अध्यक्षमा नेकपा (माओवादी केन्द्र)का उम्मेदवार जगत घर्ती निर्विरोध निर्वाचित भएका छन् ।

नेपाली कांग्रेस र नेकपा (एमाले)बाट संयुक्त उम्मेदवार बनेका एमालेका जीवन रोका र स्वतन्त्र उम्मेदवार शुक्रराज विकले उम्मेदवारी फिर्ता लिएपछि घर्ती निर्विरोध बनेका हुन् । निर्वाचन कार्यतालिकाअनुसार बुधबार उम्मेदवारी फिर्ता लिनका लागि समय दिइएको थियो ।

सोही समयमा रोका र विकले उम्मेदवारी फिर्ता लिएका हुन् । यही मंसिर १६ गते रित्त स्थानीय तहका विभिन्न पदमा उपनिर्वाचन हुँदैछ ।

## हवाई भाडादर बुझाउन निर्देशन

काठमाडौं । संस्कृति पर्यटन तथा नागरिक उड्डनमन्त्री बद्री पाण्डेले अन्तर्राष्ट्रिय उडान भर्ने हवाई कम्पनीहरूलाई २४ घण्टाभित्र हवाई भाडादर उपलब्ध गराउन निर्देशन दिएका छन् । हवाई भाडा वृद्धि नियन्त्रणबारे मन्त्रालयमा बोलाएको छलफलमा उनले बिहीबार दिउँसो ४ बजेभित्र भाडादर बुझाउन निर्देशन दिँदै सरोकारवाला वायु सेवा कम्पनीहरूलाई उच्च मूल्यको भाडा लिएको भन्दै त्यसबारे पुनः विचार गर्न आग्रह गरे ।

"हामीले नागरिकहरूकै सेवा भनेर हवाई कम्पनीहरूलाई सहुलियत दिएका थियौं । तर त्यसको उपहास भएको छ, राज्य र नागरिकप्रतिको दायित्वलाई बेवास्ता गरेर गैरजिम्मेवारीपन देखाइएको छ", मन्त्री पाण्डेले भने-"नागरिकमाथि प्रतिष्ठित व्यापारी र एयरलाइन्सले द्वन्द्व व्यापारजस्तो गर्नुभएको छ । यस विषयले म निकै दुखी भएको छु ।"

यसअघि हवाई सेवा कम्पनीहरूले नियामक निकायसँगको छलफलमा भाडा नियन्त्रणका लागि पाँच बुँदे सहमति गरिएको भए पनि त्यसको कार्यान्वयन नगरेको भन्दै पर्यटनमन्त्री पाण्डेले आक्रोश व्यक्त गरे । हवाई भाडा वृद्धिबारे गुनासो बढेपछि परराष्ट्र, श्रम र पर्यटनमन्त्रीबिचको बैठकले समेत हवाई भाडा नियन्त्रणका लागि छलफल गरिएको स्मरण गराउँदै उनले राज्य र नागरिकप्रति जिम्मेवार बन्न एयरलाइन्सलाई आग्रह गरे ।

मन्त्री पाण्डेले राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र हिमालय एयरलाइन्सलेसमेत अचाक्ली हवाई भाडा लिएकोप्रति सचेत गराए । नागरिकहरूले हवाई भाडा वृद्धिबारे गरेको गुनासोले आफूलाई बढी चिन्तित तुल्याएको बताउँदै २४ घण्टाभित्र बिक्री गरेको टिकटको मूल्य बिहीबार ४ बजेभित्र उपलब्ध गराउन उनले निर्देशन दिए । पर्यटनमन्त्री पाण्डेले एयरलाइन्सले हवाई भाडा वृद्धिबारे पुनर्विचार नगरे सरकारले कडा कदम चाल्ने स्पष्ट पारे ।

» बाँकी ३ पेजमा

**मेलामा अस्थायी संरचना :**

# लाखौँको खर्च बालुवामा पानी

**रुपन्देहीमा प्रत्येक वर्ष स्थानीय संघसंस्थाले मेला महोत्सव सञ्चालन गर्दै आएका छन् । बुटवल उपमहानगरभित्र सञ्चालन गर्नको लागि बुटवल मण्डपमा स्थायी किसिमको संरचना बने पनि भैरहवा, तिलोत्तमा, सैनामैना, देवदहलगायतका क्षेत्रमा मेला सञ्चालन गर्दा निर्माण गरिने अस्थायी संरचनामा संघसंस्थाले लाखौं खर्च हुने गरेका छन् ।**

**मोहम्मद हबिब**
*भैरहवा*

अहिलेको समय मेला र महोत्सवका लागि उपयुक्त मानिन्छ । व्यवसायिक संस्थाहरुले पनि मेला महोत्सव आयोजना गरिरहेका छन् भने केही गर्ने योजनामा छन् । मेला महोत्सवको सबैभन्दा महत्वपूर्ण मानिने मेला स्थलको (मण्डप) को अभावका कारण अस्थायी संरचना बनाउनु पर्ने बाध्यता छ । रुपन्देहीको बुटवलमा मात्रै स्थायी मण्डप भएकोले रुपन्देहीका अन्य क्षेत्रमा प्रत्येक वर्ष अस्थायी मण्डपको संरचना निर्माणमा मात्रै लाखौं रकम खर्चिने गरेको छ ।

भैरहवामा मेला लाग्न लागेको करिब २ दशक हुन लाग्यो सिद्धार्थ उद्योग वाणिज्य संघले २०६१ सालदेखि भैरहवामा मेला महोत्सवको सुरुवात गरेको हो । पहिलो पटक सिद्धार्थ रंगशालाबाट मेलाको सुरुवात भए पनि अहिले सो क्षेत्रमा क्रिकेट स्टेडियमको रुपमा विकसित भएको छ । ८ वटा मेला सम्पन्न गरेको संघले अहिले ९औं पटक मेला आयोजना गर्न लागेको छ । स्थायी मण्डप अभावकै कारण यस वर्ष पनि संघले व्यक्तिको जग्गामा मेलाको तयारी गरिरहेको छ । भैरहवामा हरेक वर्ष मेला महोत्सव आयोजना हुँदै आए पनि स्थायी मण्डपको लागि पहल हुन सकेको छैन ।

उद्योगी व्यवसायिक संस्थाहरुले प्रवर्द्धनका लागि मेलाहरु लगाउने गरे पनि अस्थायी रुपमा अतिआवश्यक संरचनाहरु बनाएर हरेक वर्ष ठूलो रकम खर्चिने गरिएको छ । आज मंसिर ६ गतेदेखि रुपन्देहीको तिलोत्तमास्थित तिलोत्तमा व्यापार संघको आयोजनामा दोस्रो तिलोत्तमा महोत्सव आयोजना हुँदैछ । यस्तै मंसिर २० गतेदेखि सिद्धार्थ उद्योग वाणिज्य संघले ९औँ पटक मेला आयोजना गर्दैछ । यस्तै रुपन्देहीको अन्य क्षेत्रमा पनि मेला आयोजना हुँदैछन् ।

यी सबै मेला महोत्सव गर्नका लागि मण्डपको जरुरी पर्दछ, तर रुपन्देहीको बुटवलमा मात्र मण्डप स्थल भएकाले वर्षनी रुपन्देहीमा मात्र लाखौं रकम अस्थायी मण्डपको संरचना निर्माणमा खेर गइरहेको छ । जुन प्रत्येक वर्ष बढ्दो छ । मेला आयोजना भए पनि धेरै वर्षको प्रयास पछि मात्रै बुटवलमा स्थायी मण्डप निर्माण भएको छ ।

यो वर्ष पनि रुपन्देहीका विभिन्न क्षेत्रमा लाग्ने ५-६ वटा महोत्सवमा लाखौ रकम अस्थायी मेला स्थलको संरचना बनाउनमा लाग्दै छ । एउटा मेलाको संरचना बनाउन १० लाखदेखि ३५-४० लाखसम्म खर्च हुने गर्छ । मुख्यतया मेला स्थलमा अस्थायी रुपमा बनाइने विभिन्न प्रतिकात्मक स्वरुप, प्रवेशद्वार, स्टल, मञ्च, सचिवालयलगायतका संरचनामा बढी रकम खर्चिने गरिएको छ ।

आकर्षक बनाउन र मेलाको ध्यानाकर्षणको केन्द्र बनाउन पनि आयोजकहरुले ती अस्थायी संरचनामा लाखौं खर्च गर्ने गरेको आयोजक संस्थाहरुको भनाइ छ । अस्थायी संरचना तथा साज-सज्जामा लाखौं रकम निमार्णमा खर्च हुने गरेको छ ।

यस्ता प्रकारको मेला महोत्सवले एकातर्फ उपभोक्तालाई उत्पादनलाई जोडेर व्यापार व्यवसाय प्रवर्द्धन गरिरहेको छ भने अर्कातर्फ






करोडौं रुपैयाँ संरचनामा वर्षेनी खर्च हुँदैछ । यसरी करोडौ सरकारको स्थायी मण्डप र संरचना नहुँदा मेला आयोजकहरुलाई व्यवस्थापन गर्न पनि हम्मेहम्मे हुने गरेको छ ।

अहिले देश आर्थिक मन्दी हुँदा पनि आयोजकहरुले केही भए पनि व्यवसायको प्रवर्द्धन र आर्थिक चलायमान होस् भन्ने उद्देश्यले मेला महोत्सव आयोजना गर्न लागेको सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष ठाकुर श्रेष्ठले बताए ।

'भैरहवामा मेलाका लागि ३ साताबाट अस्थायी संरचना निर्माणको लागिरु लागेका छौं । करिब ३०-३५ लाख निर्माणमा मात्रै खर्चिने अनुमानका निजी व्यक्तिको जग्गा लिजमा लिएर मेलाको तयारी भइरहेको छ ।'-अध्यक्ष श्रेष्ठले भने ।

मेला महोत्सवको लागि स्थायी संरचना नहुँदा अस्थायी संरचनाको लगानीको अधिक रकम, खर्च हुने गरेको उद्योग व्यपार संगठन रुपन्देहीका अध्यक्ष दर्पण श्रेष्ठले बताए । 'हामीहरुको महोत्सव लगाउनुको उद्देश्य स्थानिय उत्पादनलाई बजारीकरण गर्नु र उपभोक्तासम्म पुऱ्याउनु हो । जसको एउटै उपाय मेला महोत्सव भए पनि स्थायी मण्डपका लागि केन्द्रदेखि स्थानीय निकायसम्म धेरै पहल गऱ्यौं अझैंसम्म टुङ्गो लागेको छैन,' श्रेष्ठले भने -'हामीले आवाज उठाउँदै आए पनि यसको सुनुवाई नहुँदा हामीलाई मात्रै होइन, कुनै राजनैतिक दल वा संस्थाको ठूलो कार्यक्रम हुँदा पनि अस्थायी संरचनामा अधिक खर्च हुने गरेको छ । भैरहवा मण्डप मेला महोत्सव गर्नका लागि मात्रै नभई सबैको लागि हो । कुनै पार्टीको सभा, सम्मेलन गर्नु पर्दाबाटो नै जाम गर्नुपर्ने बाध्यतालाई हटाउन पनि मण्डप अति आवश्यक रहेको छ । यो विषयमा राजनीतिक पार्टी, सरकारी निकाय, पालिका वा नेतृत्व गर्ने मतलब नगरेकै कारण यस्तो अवस्था आएको हो ।'

रुपन्देहीमा उद्योगी व्यवसायीको मात्र दर्जनौं संघ सस्था छन्, वषैर्नी मेला लगाउनु पूर्व सोच्नु पर्ने अवस्था छ, मेला लगाम अस्थायी संरचनामा खर्च न लगाम संघसस्थाले मेला पनि लगाउन सकेन भन्ने आक्षेप आउने गरेको छ ।

'लाखौं रकम खर्च गरेर निर्माण गरेको संरचना भत्काउन पनि मन गर्दैन तर के गर्नु हामीसँग आफ्नो स्थायी मण्डप छैन, अरुको जग्गा लिजमा लिएर लगाउनु पर्ने बाध्यता छ, कति वर्ष देखि स्थायी मण्डपको माग गरे पनि हालसम्म न त केन्द्र सरकार ले मण्डप दिएको छ न त प्रदेश वा स्थानीय सरकारले नै व्यवस्थापन गरेको संघ संस्थाहरुको एउटै आवाज छ ।

» बाँकी ३ पेजमा

# बाँकेमा मुख्यमन्त्रीको व्यस्तता



**दशरथ घिमिरे**
*देउखुरी*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य बुधबार दिनभर बाँकेका विभिन्न स्थानमा पुग्दै त्यहाँका नागरिकसँग संवाद गरे । राप्ती नदीको कटानको समस्यादेखि त्यहाँ बन्दै गरेको बैकुण्ठधाम अनि विकट गाउँपालिका नरैनापुरमा आयोजित विशेष कार्यक्रममा भाग लिएका थिए ।

जनताको समस्या सुने, ति समस्यासँग आफू जानकार रहेको र प्रदेश सरकारले अभिभावकत्व प्रदान गर्ने, स्वामित्व लिने समेत उनले वचन दिए । मुख्यमन्त्रीको बाँकेमा व्यस्तता थियो । प्रतिनिधि सभा सदस्य, प्रदेशसभा सदस्य तथा स्थानीय तहका जनप्रतिनिधि सहितको टोलीले जनस्तरमा पुगेर मसिनोगरी समस्याहरु केलाएको छ ।

**बैकुण्ठधाम निर्माण आयोजना प्राथमिकितामा**

बाँकेको नेपालगञ्जमा बैकुण्ठधाम सिधनियाघाट निर्माण गर्ने योजनालाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राख्ने उद्घोष गरे । बैकुण्ठधाम आध्यात्मिक महोत्सव श्रीमद्भागवत ज्ञानकथा यज्ञको समीक्षा बैठकलाई सम्बोधनको क्रममा उनले बैकुण्ठधाम सिधनियाघाट निर्माण गर्ने योजनालाई प्रदेश सरकारले बहुवर्षीय आयोजनामा समावेश गरेर उच्च प्राथमिकतामा राखेर अघि बढाउने बताए । 'यो निकै राम्रो सामाजिक कार्य हो । यो दल, उ दल भन्दा पनि आम नागरिकको सहभागितामा अघि बढेको यो कामलाई प्रदेश सरकारले उच्च प्राथमिकतामा राख्नेछ,' मुख्यमन्त्री आचार्यले भने-'जग्गा प्राप्ती र डीपीआर निर्माण गरेर आयोजना कार्यान्वयनलाई अघि बढाउन जरुरी छ । महायज्ञबाट पनि यहाँहरुले लगानी जम्मा गर्नु भएको छ । सबै स्रोतहरुको सही परिचालन गरेर आयोजना कार्यान्वयनमा लैजानुपर्ने छ ।'

डुडुवा गाउँपालिका वडा नं. ५ स्थित राप्ती नदी तटमा वैकुण्ठधाम सिधनियाघाट निर्माण गर्न थालिएको छ । समुदायको अग्रसरतामा अघि बढेको कामलाई प्रदेश सरकारले साथ दिने मुख्यमन्त्री आचार्यले प्रतिबद्धता व्यक्त गरे । विद्युतीय शवदाहगृहसहित सिधनियाघाट हुने र अर्को पाटोमा किरियापुत्री घर, मन्दिर, सभाहल, ध्यान केन्द्र, पितृको मृत्युकर्म, सोह्र श्रद्धाकर्म एवम् पितृ मोक्षका अन्य कर्मकाण्ड सम्पन्न गर्न मिल्ने आध्यात्मिक उपवन 'बैकुण्ठधाम' आयोजना अघि बढाइएको छ । बैकुण्ठधाम निर्माणकालागि नागरिक सहभागिता जुटाउन कार्तिक २२ गतेदेखि महायज्ञ समेत सञ्चालन गरिएको थियो ।

**बाढीमा डुब्न दिन्नौं**

राप्ती नदीमा आउने बाढीले बाँके जिल्लाका नदी तटीय बस्ती आक्रान्त हुन्छ । आकाशमा बादल मडारिन थाल्यो भने यहाँका नागरिकहरुको आँखामा आँशु टिलपिलाउन थाल्छ । डुबान र कटानको समस्याबाट पीडित यहाँका नागरिकहरुलाई प्रदेश सरकारप्रति भरोसा जागेको छ । मुख्यमन्त्री आचार्यले स्थलगत रुपमा जोखिम क्षेत्रमा पुगेर समस्या सम्बोधन गर्ने प्रतिबद्धता जनाए ।

बाँके जिल्लामा राप्ती नदीमा आउने बाढीका कारण डुबान र कटानको समस्या समाधान गर्न प्रदेश सरकारले ध्यान दिने उल्लेख गरे । नागरिकलाई आश्वस्त मात्रै पारेनन अर्को वर्ष सरकारले बजेट राख्ने वचन पनि दिए । राप्ती सोनारी गाउँपालिका-७ खल्लाझगडियामा डुबान र कटानको समस्या बढ्दा मानव बस्ती उच्च जोखिममा परेको छ । स्थलगत अवलोकन गर्दै मुख्यमन्त्री आचार्यले डुबान र कटानको उच्च जोखिम रहेका स्थलहरुको पहिचान गरेर तटबन्धको योजना सञ्चालन गर्ने प्रतिबद्धता जनाए ।

» बाँकी ३ पेजमा

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

२०८१ मंसिर ०६, गते बिहीबार
Thursday Nov.21, 2024

दैनिक लुम्बिनी

# सम्पादकीय

## संक्रमणकालीन न्यायप्रति बेवास्ता

सशस्त्र द्वन्द्वलाई विधिवत अन्त्य गरेको बृहत शान्ति सम्झौता भएको १९ वर्ष पूरा भएको छ। राज्यको पुनर्संरचनासहित नयाँ संविधान लेखन, सेना समायोजन र संक्रमणकालीन न्यायको व्यवस्थापन गर्ने गरी तत्कालीन माओवादी र सात दलहरुबीच बृहत शान्ति सम्झौता भएको थियो।

बृहत शान्ति सम्झौता भएपछि शातिन्त प्रक्रियालाई टुंगोमा पुऱ्याउन विधिवत रुपमा काम अघि बढ्यो, त्यसपछि संविधान लेखन र सेना समायोजनको काम सम्पन्न भइसकेको छ। तर लामो समय बित्दा समेत संक्रमणकालीन न्यायको मुद्दाको टुंगो लाग्न सकेको छैन्।

संक्रमणकालीन न्याको मुद्दा प्रारम्भिक विन्दुमै अड्किएको छ। संक्रमणकाली न्यायको मुद्दा टुंगो लाग्न नसक्दा दलहरुप्रति नै प्रश्न उठ्न थालेको छ। सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गरेर अन्तरिम संविधान जारी भएको दुई वर्षभित्र द्वन्द्वका समयमा भएका मानवअधिकार उल्लंघनका घटना टुंगो लगाउने स्पष्ट व्यवस्था शान्ति सम्झौतामा भएपनि दुई दशकसम्म संक्रमणकालीन न्यायको टुंगो नलाग्दा पीडितले न्याय पाउन सकेका छैनन्, नेपालप्रति अन्तराष्ट्रिय समुदायमाझ प्रश्न उठ्न थालेको छ।

पहिले संविधान निर्माण र सेना समायोजन सफलतापूर्वक टुंगो लगाएर नेपालको शान्ति प्रक्रिया विश्वमा नै नमूना भएको बताइएको थियो, जब संक्रमणकालीन न्यायको टुंगोमा ढिलाई भयो,अन्तराष्ट्रिय समुदायले प्रश्न उठाउनु अस्वाभाविक होइन्।

ढिलो न्याय दिन भनेको न्याय नपाउनु सरह हो। पीडितले लामो समयसम्म न्याय नपाउनु भनेको उनीहरुका पीडाप्रतिको बेवास्ता हो। यसले लोकतान्त्रिक प्रणालीलाई नै कमजोर बनाएको छ।

लोकतन्त्र भनेको विधिको शासन भएकाले विधिको शासनप्रति बेवास्ता गर्नु क्षम्य छैन्। यो कुनै दल व्यक्ति विशेषको विषय नै संवैधानिक दायित्वको विषय भएकोले दलहरु साझा धारणा र स्वार्थ तयार गर्न जुन ढिलाई गरे, त्यसले समग्र प्रणालीलाई प्रभाव पारेको छ।

संक्रमणकालीन न्याय जस्तो विषयलाई दलहरुले लेनदेन र सत्ता स्वार्थमा अल्झाएर राखेर पीडितप्रति अन्याय गरेका छन्। संक्रमणकालीन न्यायलाई बेवास्ता गर्दा दण्डहिनता र अराजकता बढ्ने जोखिम छ।

अब पनि ढिलाई भयो भने समाज सधैभरी मौन बस्न सक्तैन्। आक्रोशको आगो बढ्न सक्छ। दलहरुको ध्यान संक्रमणकालीन न्यायमा जानु राम्रो हुन्छ।

# नेपालको छिमेक नीति र प्रधानमन्त्रीको आसन्न चीन भ्रमण



प्रा. कृष्ण पोखरेल

*सबैभन्दा बढी चीनसँगको वैदेशिक व्यापार गर्ने भए पनि भारत नेपालमा चीनको गन्ध मिसिएको बिजुलीसम्म पनि किन्न तयार छैन। बिस्तारै ऊ नेपालका सबै ठूला जलविद्युत् योजनामा एकलौटी कब्जा गर्ने दिशामा अग्रसर देखिन्छ। यो भविष्यमा नेपालका लागि अत्यन्त घातक हुन सक्छ। त्यसैले जलविद्युत्का ठूला परियोजनामा चीनलाई समेत जोड्ने र त्यतातर्फ अन्तरदेशीय प्रसारण लाइन विस्तार गरेर विद्युत् निर्यातको बाटो खोल्न अग्रसर हुनु आवश्यक देखिन्छ। ग्यास र पेट्रोलियम अन्वेषणमा सामेल भएझैँ चीनतिरै निर्यात गर्न सकिने इलेक्ट्रिकल भेहिकल वा त्यस्तै अन्य कुनै औद्योगिक उत्पादनका प्लान्ट नेपालमा स्थापित गर्नेबारे 'एक्स्प्लोर' गरे हुन्न ?*

यतिवेला नेपाली मिडिया प्रधानमन्त्री केपी ओलीको आसन्न चीन भ्रमणबारेका समाचार र विश्लेषणले रंगिएका छन्। कोही पहिले भारत नगएर किन चीन जान थालेको भनेर प्रश्न गर्दै छन्, कोही पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको ऋणलाई अनुदानमा बदल्न लगाउनुपर्छ भन्दै छन्। कोही बिआरआईका माध्यमबाट ऋण लिनै हुँदैन किनकि त्यसले ऋणको पासोमा परिन्छ भन्दै छन्। कोही बिआरआईबाट ऋण होइन, अनुदान पाए मात्र लिनुपर्छ भन्दै छन्। अझ कोही त बिआरआईतर्फ जानैहुन्नसमेत भन्दै छन्। कोही चीन जोड्ने राजमार्गको माग गर्नुपर्ने भन्दै छन् भने कोही जलविद्युत्मा लगानी गर्न भन्नुपर्छ भन्दै छन्। कोही सिगात्सेसम्म आएको चिनियाँ रेल काठमाडौं हुँदै लुम्बिनी पुऱ्याउन लगाउनुपर्छ भन्दै छन्। प्रश्न उठ्छ, यति धेरै 'सपिङ लिस्ट'को भारी बोकेर प्रधानमन्त्री चीन जान सक्लान् ? वा जान मिल्ला ?

**चीन पहिला कि भारत पहिला ?** : पहिला भारत नगएर किन चीन ? मलाई लाग्छ, यो प्रश्नको उत्तर पहिले खोजौँ। इतिहासतिर फर्केर हेर्‍यौँ भने भारतसँगको नेपालको सम्बन्धमा लेखिएकोभन्दा नलेखिएको कुरा अकाट्य देखिन्छ। जस्तो कि भारतसँगको सन् १९५० को शान्ति तथा मैत्री सन्धिलाई हेरौँ। त्यसको एउटा धारामा यो सन्धि दुईमध्ये कुनै एक पक्षले चाहेमा एक वर्षको सूचना दिएर भंग गर्न सक्छ भन्ने लेखिएको छ। आफूलाई असमान लागेको यो सन्धि के नेपालले एकलौटी रद्द गर्न सक्यो ? अहँ सकेन। त्यस्तै, नेपालका प्रधानमन्त्रीको पहिलो विदेश भ्रमण भारतबाटै सुरु गर्नुपर्छ भनेर कहाँ लेखेको छ ? तर, त्यही भनेर आफ्नो पहिलो प्रधानमन्त्रित्वकालमा पहिले चीन भ्रमणमा निस्केका प्रधानमन्त्री प्रचण्डले घरभित्र र बाहिरबाट के सास्ती व्यहोर्नुपऱ्यो त्यो जगजाहेर छ। त्यो रनाहाबाट अहिलेसम्म नबौरिएका प्रचण्ड भारतकै अखबारमा अन्तर्वार्ता दिँदै प्रधानमन्त्री ओलीले 'चाइना-कार्ड' खेल्न खोजेको आरोप लाउन तम्सिए। हुन सक्छ, दक्षिणको निम्ता कुर्दा-कुर्दा अपमानित महसुस गरेका प्रधानमन्त्रीले उसलाई देखाइदिनका लागि 'तु नहीँ तो और सही' भन्ने ठानेर चिनियाँ निम्ता मान्न अग्रसर भएका हुन् कि ? यसो हो भने यो के खान चिनियाँ कार्ड हुनु ? यो त खाँटी नेपाली कार्ड हो।

**नेपालको नाडी छामेको ?** : आफूलाई समकालीन नेपाली नेतामा सबैभन्दा चतुर ठान्ने प्रधानमन्त्री ओलीले के गरे वा के बित्तोल पऱ्यो र यस्तो अवस्था आयो ? फेरि भुटानबाहेक आफ्ना अधिकांश छिमेकीसँग सम्बन्ध बिग्रँदै गएका वेला 'छिमेकी पहिलो' नीतिको दुहाइ दिने भारतले नयाँ प्रधानमन्त्रीको रूपमा ओलीलाई निम्ता गर्नेजस्तो सामान्य कूटनीतिक शिष्टाचार पनि किन देखाएन ? जबकि नयाँ सरकार बनेपछि नेपालले दुई-दुईपटक प्रधानमन्त्री मोदीलाई नेपाल भ्रमणको निम्ता दिइसक्यो। त्यो निम्तालाई 'रेसिप्रोकेट' गर्नु सामान्य 'डिप्लोमेटिक जेस्चर' हो।

तर, त्यसमा भारत किन चुक्यो ? नेपालकी विदेशमन्त्रीलाई समेत उसले नयाँदिल्ली भ्रमणका बेला प्रधानमन्त्रीझैँ स्वागत गऱ्यो। त्यतिबेला यो पंक्तिकारलाई लागेको थियो, बंगलादेशमा तत्कालअघि व्यहोरेको कूटनीतिक असफलतालाई नेपालप्रति अत्यधिक माया बर्साएर ऊ क्षतिपूर्ति गर्दै छ। तर, घटनाक्रम त्यसतर्फ बढेन। प्रश्न उठ्छ, यसपटक दक्षिण छिमेकीले यस्तो अनौठो व्यवहार किन गऱ्यो ?

यसका कारण बिस्तारै खुल्दै जालान्। तर, मेरो विचारमा एउटा कारण के हुन सक्छ भने यसपटक प्रधानमन्त्री बन्नासाथ ओलीजीले आफू पहिला भारत नजाने खबर नेपाली मिडियामा चुहाए। उनी त्यति नै बेला हुन गइरहेको बिम्स्टेकको शिखर सम्मेलनमा भाग लिएपछि मात्र भारत जान चाहन्थे। तर, थाइल्यान्डमा तत्कालैको प्रधानमन्त्री परिवर्तन र बंगलादेशमा अनपेक्षित रूपमा विकसित घटनाक्रमले त्यो शिखर सम्मेलन स्थगित हुन पुग्यो। आफूकहाँ पहिलो भ्रमणबाट प्रधानमन्त्री ओली तर्किन चाहन्छन् भन्ने कुरा भारतलाई बिझेको हुन सक्छ। त्यसकै प्रतिक्रियास्वरूप ऊ भ्रमणको निम्ता दिन अन्ठाएर बस्यो।

**नेपाल पहिलो** : कुनै पनि मुलुकले विदेश नीति सञ्चालन गर्दा हेर्ने भनेको पहिले आफ्नो हित हो। यस मानेमा नेपालको हकमा पनि पहिले चीन कि भारत भन्ने बहस नै निरर्थक हो। निःसन्देह, पहिले नेपाल हो। नेपालको हित जे गर्दा हुन्छ, हामीले त्यही गर्ने हो। हो, त्यसो गर्दा आफ्ना मित्रहरू त्यसमा पनि निकटतम मित्रहरूको हितको समेत ख्याल राख्नुचाहिँ पर्छ। त्यसो त प्रधानमन्त्री बन्नासाथ हरेकपटक लुरुलुरु छिमेकी मुलुक जानैपर्छ भन्ने के छ ? फेरि अहिलेका प्रधानमन्त्री पहिलोपटक त्यो पदमा बसेका भए तै तै। उनी कति पानीमा छन् भन्ने नरेन्द्र मोदी र सी जिनपिङमध्ये कसलाई थाहा छैन र ? त्यसैले जाने भनेको ती मुलुकहरूमा लन्च वा डिनर खान हो र ? कुनै जल्दोबल्दो 'इस्यु' वा टार्नै नमिल्ने काम छ भने न हो। मुलुकभित्रै यतिविधि समस्या छन् र सरकारले लय नसमाएको व्यापक जनगुनासो छ। यस्तोमा पहिला त्यतातिर ध्यान केन्द्रित गरे भइगयो नि ! छिमेकी त भागेर जाने होइनन। आफ्नो अनुकूल मिलाएर गए भइगयो नि। हो, यस मानेमा पनि नेपाल पहिलो हो।

**चीन जाने भएपछि** : अब जबकि चीन जाने पक्कापक्की नै भइसक्यो। त्यसबारे कुरा गरौँ। प्रधानमन्त्रीको पहिलो प्राथमिकता के गर्दा मुलुकको हित हुन्छ, त्यतातिर केन्द्रित हुनुपर्छ। त्यसपछि गठबन्धनको ठुलो दल नेपाली कांग्रेसको संशय निराकरण गर्ने हुनुपर्छ। नेपाली कांग्रेसका नेताहरूको बाहिर आएको विचार सुन्दा उनीहरू प्रधानमन्त्री ओलीले बिआरआईमा छ्यास्स केही वचन देलान् वा कहीँ हस्ताक्षर गर्देलान् र अमेरिका रिसाउला भनेर त्राहित्राहि छन्। यथार्थमा नेपाली कांग्रेस अनुदान पाए लिने ऋण बर्चोट लिनुहुन्न भन्ने मान्यतामा छ, जबकि बिआरआईमा बढी ऋणकै बन्दोबस्त छ।

उच्चस्तरीय राजनीतिक संयन्त्रका माध्यमबाट प्रधानमन्त्रीको हात बाँध्ने कोसिस त्यसैको परिणाम हो। यस मामिलामा प्रतिपक्षलाई पनि विश्वासमा लिन जरुरी छ। चीन भ्रमणको खिचडी पाकिरहने तर प्रतिपक्षसँग समयमै संवाद नगर्नाकै परिणाम हुन सक्छ प्रतिपक्षी नेता प्रचण्डको रुष्ट अभिव्यक्ति ! चीनमा सेवा गरिसकेका पूर्वराजदूतहरू र अन्य चीन विज्ञहरूसँग पनि सल्लाह लिनु सान्दर्भिक हुन्छ।

**अनुदान कि ऋण ?** : अनुदान कि ऋण ? यो पनि सोध्ने कुरा हो ? अनुदान पाइन्छ भने कसले ऋण लिन्छ ? हो, अनुदान पाइएन भने अनि ऋणको कुरा आउँछ। तर, लाख रुपैयाँको प्रश्न के भने ऋण लिए पनि पोखरा विमानस्थलजस्तो सेतो हात्ती बनाउन लिने होइन र अनुदान पाए पनि दमकमा औद्योगिक पार्क बनाउनेजस्तो सनकी कामका लागि लिने होइन।

यो प्रसंगमा म चीन अध्ययन केन्द्रको एक भ्रमण टोलीको सदस्यका रूपमा तिब्बत गएका वेला त्यहाँको सामाजिकशास्त्र प्रतिष्ठानका विज्ञहरूसँग भएको कुराकानीको एउटा प्रसंग सम्झन्छु। जब हामीले ल्हासा काठमाडौं रेलमार्गको कुरा उठायौँ। उनीहरूले भने- चीन प्राविधिक र आर्थिक रूपमा आज जुन ठाउँमा पुगेको छ, उसका लागि त्यो रेल अनुदान वा नरम ब्याजदरको ऋण सहयोगमध्ये जुन 'मोडालिटी'मा बनाउन पनि कुनै गाह्रो छैन। त्यो रेल यहाँबाट चिनियाँ पर्यटक र उपभोगका सामग्री भरिएर तिम्रो देशमा जाला, उताबाट के पठाउँछौ ? कि रेल रित्तै फर्कन्छ ? त्यसको कुनै योजना छ तिम्रो सरकारसँग ? पहिला त्यता ध्यान दिनुपर्छ अनि पो यो रेलको औचित्य हुन्छ। फगत कनेक्टिभिटीका लागि मात्र त्यत्रो लगानीको के जरुरत ? त्यो त उही सेतो हात्ती मात्र ठहरिएला !

हो, चीनसँग ऋण लिनुस् वा अनुदान जे लिए पनि त्यो रोजगार बढाउने, वैदेशिक मुद्रा आर्जन गर्ने र एक वाक्यमा भन्नुपर्दा नेपाली अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने र ऋण लिए पनि 'पे ब्याक' गर्न सक्ने योजना वा परियोजनाका लागि लिने हो।

**ध्यान दिनुपर्ने कुरा** : आफू सबैभन्दा बढी चीनसँगको वैदेशिक व्यापार गर्ने भए पनि भारत नेपालमा चीनको गन्ध मिसिएको बिजुलीसम्म पनि किन्न तयार छैन। बिस्तारै ऊ नेपालका सबै ठूला जलविद्युत् योजनामा एकलौटी कब्जा गर्ने दिशामा अग्रसर देखिन्छ। यो भविष्यमा नेपालका लागि अत्यन्त घातक हुन सक्छ।

त्यसैले जलविद्युत्का ठूला परियोजनामा चीनलाई समेत जोड्ने र त्यतातर्फ अन्तरदेशीय प्रसारण लाइन विस्तार गरेर विद्युत् निर्यातको बाटो खोल्न अग्रसर हुनु आवश्यक देखिन्छ। ग्यास र पेट्रोलियम अन्वेषणमा सामेल भएझैँ चीनतिरै निर्यात गर्न सकिने इलेक्ट्रिकल भेहिकल वा त्यस्तै अन्य कुनै औद्योगिक उत्पादनका प्लान्ट नेपालमा स्थापित गर्नेबारे 'एक्स्प्लोर' गरे हुन्न ?

चिनियाँ बजारलाई लक्षित गरी चिया, कफी मात्र होइन, भीमकायस्तरमा भैँसीपालन गरी मासु निर्यातका लागि त्यताको लगानी निम्त्याउनेतिर किन अग्रसर नहुने ? अनि पो हामी कहाँबाट चीन फर्कने रेल पनि भरिन्थ्यो होला ! हामी चीनको बिआरआईमा जोडियौँ, ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ(जिडिआई)मा जोडियौँ। तर, ग्लोबल सेक्युरिटी इनिसिएटिभ(जिएसआई)मा नजोडिऔँ। अमेरिकाको एमसिसीमा जोडियौँ। तर, आइपिएसमा नजोडिऔँ। आफ्नो रणनीतिक स्वायत्ततालाई जोगाएर टाढाका हुन् वा नजिकका मित्रराष्ट्रसँग सम्बन्ध राख्नु नै हाम्रा लागि श्रेयष्कर हुन्छ। नयाँ पत्रिकाबाट दैनिकबाट

# नेप्से परिसूचक नौ अङ्कले बढ्यो



काठमाडौँ। मङ्गलबार करिब दुई प्रतिशतले घटेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधबारभने सामान्य अङ्कले बढेको छ। नेप्से परिसूचक नौ दशमलव ०९ अङ्कले बढेर दुई हजार सात सय ११ दशमलव ७५ बिन्दुमा कायम भएको हो।

तीन सय २३ कम्पनीको एक करोड ५४ लाख ६४ हजार पाँच सय ५२ कित्ता शेयर ७४ हजार तीन सय तीन पटक खरिदबिक्री हुँदा रु सात अर्ब नौ करोड २८ लाख ७९ हजार नौ सय ४६ बराबरको कारोबार भएको छ। बैंकिङ समूह शून्य दशमलव २६, जीवन बिमा शून्य दशमलव १८, निर्जीवन बिमा शून्य दशमलव २१ र अन्य समूह शून्य दशमलव ०७ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ।

सबैभन्दा धेरै विकास बैंक समूह तीन दशमलव ३८ प्रतिशतले बढेको छ। वित्त एक दशमलव ६६, होटल तथा पर्यटन शून्य दशमलव ४५, जलविद्युत् एक दशमलव २८, लगानी शून्य दशमलव २०, लघुवित्त शून्य दशमलव ०७, म्युचुअल फण्ड शून्य दशमलव ३८ र व्यापार समूह शून्य दशमलव २७ प्रतिशतले बढेको छ।

कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड, सिन्धु विकास बैंक लिमिटेड, नेपाल हाईड्रोडेभलपर्स लिमिटेड, सप्तकोसी डेभलपमेन्ट बैंक लिमिटेड र महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। कारोबारमा गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी डादी ग्रुप पावर लिमिटेडको रु ३२ करोड ८१ लाख ९० हजार दुई सय ५९ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै हिमालयन ऊर्जा विकास कम्पनी लिमिटेडको सात लाख ६४ हजार पाँच सय १९ कित्ता शेयर किनबेच भएको छ।

# महका यति धेरै फाइदाहरू



मौरी एक प्रकारको फाइदाजनक किरा हो।

यसले उत्पादन गरेको मह गुलियो, अति नै पोषिलो र गुणकारी हुन्छ। यसको दैनिक प्रयोगबाट शरीरमा शक्ति प्रदान गर्नुका साथै विभिन्न रोगहरु भगाउन सक्ने भरपुर शक्ति रहेको हुन्छ। घरमै शरीरको फ्याट घटाउन शताब्दीयौंदेखि महको प्रयोग विभिन्न तरिकाबाट हुँदै आएको छ।

कोहि यसलाई बोसो घटाउन त कोही बढाउनका लागि प्रयोग गर्छन्। अर्कोतर्फ, पुरानो महले शरीरको मेटाबोलिज्ममा मद्दत गर्छ जसले कफ हटाउँछ। आयुर्वेद विज्ञ डाक्टर दिक्षा भावसारले आफ्नो इन्स्टाग्राम पोस्टमा महले मानव शरीरमा पुऱ्याउने फाइदा बारे बताएका छन्।

आयुर्वेदका अनुसार महका फाइदाहरु..

१) मह आँखाका लागि धेरै राम्रो हुन्छ
२) यसले तिर्खा मेटाउँछ र कफ निकाल्छ
३) पिसाब नलीमा गडबडी, दम, खोकी, पखाला र वाकवाकी-वान्ताका लागि धेरै उपयोगी हुन्छ।
४) यो प्राकृतिक डिटोक्सिफायर हो।
५) यो मुटुको लागि राम्रो हुन्छ, छालामा सुधार ल्याछ।
६) गहिरो घाउ छिटो निको पार्न मद्दत गर्छ।
७) स्वस्थ ग्रेन्युलेसन टिश्युको विकास सुरु गर्दछ।

यसरी महको प्रयोग नगर्नुहोला

१) मह तातो खाना वा पानीमा मिसाउनु हुँदैन।
२) तातो ठाउँमा काम गर्दा मह खानु हुँदैन।
३) महलाई घ्यूमा वा तातो, मसलादार खानामा मिसाउनु हुँदैन।
४) साथै यसलाई पेय पदार्थ (जस्तै, व्हिस्की, रम, ब्रान्डी) वा तोरीसँग मिसाउनु हुँदैन।

कसरी प्रयोग गर्ने

१) यदि तपाइँ मोटोपनाको लागि प्रयोग गर्दै हुनुहुन्छ भने, एक गिलास मन तातो पानीमा १ चम्चा मह लिनुहोस्।
२) १ चम्चा महमा १ चम्चा बेसार र १ चम्चा मरिच मिसाएर पिउनाले रुघाखोकी, साइनसाइटिस, तथा रोग प्रतिरोधात्मक क्षमता वृद्दि गर्न सहयोग गर्छ।

# क्रिकेट खेलाडीलाई जनही एक/एक लाखले सम्मान



**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

खुमा अर्याल फाउण्डेसनले आईसीसी महिला यू १९ विश्वकपका लागि छनौटमा परेका स्याङ्जाका ३ खेलाडीलाई जनही १/१ लाखसहित प्रमाणपत्रले सम्मान गरिएको छ । फाउण्डेसनको स्थापनाको अवसर पारेर भीरकोट ७ बलमाटामा आयोजना गरिएको बृहत् विशेषज्ञसहितको स्वास्थ्य शिविरमा ३ खेलाडीलाई एक–एक लाख नगद, प्रमाणपत्र र दोसल्लाले सम्मान गरिएको हो । प्रतिनिधिसभा सांसद राजु थापा, फाउण्डेशनका संरक्षक खुमा अर्याल, डा. लुना अर्याल र अध्यक्ष लेखनाथ शर्माले तीनै जना खेलाडीलाई जनही एक/एक लाख नगदसहित दोसल्ला र सम्मानपत्रले सम्मान गरेका थिए ।

पुतलीबजार नगरपालिकाका ३ महिला खेलाडी आइसीसी महिला यू १९ विश्वकपमा पुऱ्याउन सफल भएको भन्दै उनीहरुको मनोबल अझैं उच्च बनाउन टेवा पुग्ने उद्देश्यले आफ्नो स्थापनाको दिवसमा नगदसहित प्रमाणपत्रले सम्मान गरिएको आयोजकले जनाएको छ । पुतलीबजार नगरपालिका १ का ज्योत्सिना मरासिनी, १३ का सीमाना के.सी. र कुसुम गोदारसहित स्याङ्जा क्रिकेट संघका अध्यक्ष दिवाकर थापालाई पनि फाउण्डेसनले सम्मान गरेको छ । विश्वकपमा सहभागी हुन पाउने खेलाडी मध्ये स्याङ्जाका ३ जना रहेका छन् ।

सम्मान गर्दै सांसद थापाले खेलका माध्यमबाट स्याङ्जालाई विश्वभर चिनाउन सफल महिला क्रिकेट खेलाडीलाई बधाई दिँदै उनीहरूलाई हौसला र उर्जा बढाउनुपर्नेमा जोड दिए । खेलाडीहरु जिल्लाका मात्र नभई राष्ट्रका गहना भएको बताउँदै सांसद थापाले सरकारले खेलाडीहरुको उच्च मनोबल बढ्नेगरी काम गर्नुपर्नेमा जोड दिए । फाउण्डेसनले स्वास्थ्य, शिक्षा, खेलकुद, रोजगार लगायतका विषयमा महत्वपूर्ण भूमिका खेलेको चर्चा सांसद थापाले गरेका थिए ।

शिक्षा, स्वास्थ्य, खेलकुद र दैवी प्रकोपलगायतका क्षेत्रमा फाउण्डेसनले सहयोग गर्दै आएको छ । स्थापनादेखि जिल्लाका विभिन्न क्षेत्रमा फाउण्डेसनले सामाजिक उत्तरदायीत्व अनुसारको काम गर्दै आएको छ ।

फाउण्डेसनले आयोजना गरेको विशेषज्ञसहितको स्वास्थ्य शिविरमा जिल्ला समन्वय स्याङ्जाका प्रमुख श्रीप्रसाद जिटी, पुतलीबजार नगर प्रमुख तुलसीराम रेग्मी, उपप्रमुख देवी अर्याल, अर्जुनचौपारी गाउँपालिका प्रमुख प्रकाश तिवारी, फाउण्डेसनका संरक्षक खुमाप्रसाद अर्याल, डा.लुना अर्याल, गण्डकी मेडिकल कलेजका सिइओ डा.रविन्द्र श्रेष्ठ, नेपाल पत्रकार महासंघ स्याङ्जाका अध्यक्ष श्रीकृष्ण सिग्देल, स्थानीय श्यामप्रसाद अर्याललगायतका वक्ताहरुले शुभकामना व्यक्त गरेका थिए । शिविरमा ४५ जनाले रक्तदान गरेको र झण्डै ७ सय बिरामी लाभान्वित भएका थिए । फाउण्डेसनका अध्यक्ष लेखनाथ शर्माको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रम सचिव ध्रुव शर्माले सञ्चालन गरेका थिए ।

यसैबिच विश्वकपमा छनौट भएका स्याङ्जाका ३ महिला खेलाडीलाई पुतलीबजार नगरपालिकाले समेत नगदसहित सम्मान गर्ने भएको छ । नगरपालिकाको १६औं नगरसभामा ३३ हजार ३३३ रुपैयाँ नगदसहित ३ जना खेलाडीलाई सम्मान गरिने नगर प्रमुख तुलसीराम रेग्मीले जानकारी दिए ।

**लाखौँको...**

स्थायी मण्डपका लागि कयौँ पटक डेलिगेशन, मन्त्री, प्रधानमन्त्री विभिन्न सरकारी वा निजी क्षेत्रको कार्यक्रममा आवाज उठाउने गरे पनि ठोस निर्णय भएको छैन ।' -उनले भने ।

सरकारले उद्योगी व्यवसायीहरुका लागि निश्चित मण्डपहरुको व्यवस्थापन गरेमा महिना महिनामा पनि विशिष्टीकृत मेला लगाउन सकिने सञ्चारकर्मी मनोरञ्जन शर्माले बताए । मिडिया हाउसको तर्फबाट मेला आयोजना समेत गरेका शर्माले धेरै जसो खर्च व्यवस्थापनमा लाग्ने भएकोले निश्चित तोकेको ठाउँ भए प्रचार पनि गर्न नपर्ने र आयोजकहरुलाई पनि भार नपर्ने र वस्तुको प्रवर्द्धन पनि एकै थलोबाट गर्न सकिने शर्माले जनाए ।

महोत्सव लगाउनुको उद्देश्य स्थानीय उत्पादनलाई बजारीकरण गर्नु र उत्पादन उपभोक्तासम्म पुऱ्याउनु हो । जसको एउटै उपाय मेला महोत्सव भए पनि स्थायी मण्डपका लागि केन्द्रदेखि स्थानीय निकायसम्म धेरै पहल गरिए पनि भैरहवामा मण्डपको लागि सफलता हात नपरेको सिद्धार्थ उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष तथा केन्द्रीय सदस्य भिष्मप्रसाद न्यौपानेले बताए । हामीले आवाज उठाउँदै आएको पनि वर्षौं भयो, यसको सुनुवाइ नहुँदा हामीलाई मात्रै होइन कुनै राजनैतिक दल वा संस्थाको ठूलो कार्यक्रम हुँदा पनि अस्थायी संरचनामा अधिक खर्च हुने गरेको छ ।

भैरहवामा क्षेत्रमा सम्भावित केही ठाउँहरु पनि छन्, तर पहलका कारण ती ठाउँ मण्डपको रुपमा प्रयोग गर्न सकिएको छैन । हालको रंगशालामा मेला महोत्सवहरु आयोजना हुने गरेको भएता पनि त्यहाँ अहिले क्रिकेट मैदान बनेको छ । यस्तै कारागारलाई अन्यत्र व्यवस्थापन गरी सो क्षेत्र, भैलुभुजको जग्गा, गहुबालीको जग्गा , सिद्धार्थनगर नगरपालिकाको वडा नं. ११ मा रहेको जग्गा, सिद्धार्थनगर ३ को मैदान वा निजी व्यक्तिको जग्गा खरिद गरेर स्थायी मण्डप बनाउन सकिने विकल्पको रुपमा छन्, तर हालसम्म कुनै सुनुवाइ भएको छैन ।

हुन त मेला महोत्सव आन्तरिक बजार प्रवर्द्धन, स्वदेशी उत्पादनको प्रयोग बढाउने, स्थानीय उत्पादनको पहिचान गराउने उद्देश्यले सञ्चालन गरिएको हुन्छ । यस्ता मेला महोत्सवमा आधुनिक उपकरण, नविन प्रविधि औद्योगिक उपकरणकाबारे उद्यमी व्यवसायी तथा कृषकहरुलाई जानकारी गराउन सहयोगी पनि हुने गर्दछ । जुन मेलाले उत्पादक बिक्रेता र उपभोक्तालाई निकै फाइदा पुऱ्याउँछ ।

लामो समय देखि मेला महोत्सव लाग्दै आएपनि सरोकारवाला निकायले मेला महोत्सवको लागि स्थायी संरचनाको निमार्ण गर्न सकेको छैन । जसले गर्दा अस्थायी संरचना निमार्णमै आयोजक संस्थाको लाखौँ लाख रुपैयाँ फजुल खर्च भईरहेकोले अब यस क्षेत्रमा मेला संचालन गर्नका लागि स्थायी संरचना आवश्यक छ । केही दिनको लागि भनेर गरिने यस्ता लगानीहरु भन्दा स्थायी संरचना र मण्डपहरुतर्फ सरोकारवाला निकायले ध्यान दिए निजी संघसस्थाले हरेक वर्ष

केही स्थायी संरचनाहरु पनि बनाउन सक्थे कि ?

**हवाई...**

मन्त्रालयका सचिव डा. गणेश पाण्डेयले सम्झौताअनुसार एयरलाइन्सले किन अटेर गरेको भन्दै प्रश्न गरे । उनले भने-"आफूले गरेको निर्णय आफैं लागू गर्नेकी नियमन गर्न कठोर बन्नुपर्ने हो । सम्झौता किन लागू नगरेको । तपाइँहरुले यदि निर्णय कार्यान्वयनमा अटेर गर्नुभयो भने सेवा दिन आउने नयाँ हवाई कम्पनीका लागि सूचना आव्हान गर्न सकिन्छ ।"

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का महानिर्देशक प्रदीप अधिकारीले एयरलाइन्सले हवाई भाडा नियन्त्रणसम्बन्धी पाँच बुद्धे सहमति कार्यान्वयन नगरेको र हवाई टिकटमा कृत्रिम अभाव देखाउँदै कालो बजारी गरिरहेकाले त्यसलाई नियन्त्रण गरेरै छोड्ने अठोट व्यक्त गरे ।

छलफलमा सहभागी एयरलाइन्सका प्रतिनिधिले हवाई भाडाबारे सत्यतथ्य जानकारी दिन आनाकानी गरेका थिए । एयरलाइन्सले चार गुणा बढी भाडा लिएको भन्दै आलोचना भएको थियो । छलफलमा नेपालमा सेवा दिँदै आएका अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीका प्रतिनिधिहरूको उपस्थिति थियो ।

**बाँकेमा...**

राप्ती नदीमा आउने बाढी र त्यसले पुऱ्याउने जोखिम न्यूनीकरण गर्न अल्पकालिन र दिर्घकालिन योजना अघि बढाउनुपर्छ । यसमा प्रदेश सरकारले पहल लिन्छ,' मुख्यमन्त्री आचार्यले भने-'जहाँ जोखिम छ, त्यहाँ तटबन्धको आयोजनाको काम अघि बढाउन जरुरी छ ।' नरैनापुर गाउँपालिका डुबान र कटानका कारण पूर्ण प्रभावित हुँदै आएको छ भने राप्ती सोनारी गाउँपालिका वडा नं. ७ को ७५ प्रतिशत भू-भाग प्रभावित हुँदै आएको स्थानीय पूर्णबहादुर चौधरीले बताए । 'राप्ती नदीले कटान तिब्र पार्दा हाम्रो उठिवास हुने अवस्था आयो । सरकारले समयमा तटबन्ध नगरे हामी विस्थापित हुने जोखिम छ,' उनले भने-'समस्या समाधान गर्नेगरी कार्यक्रम चले राम्रो हुन्थ्यो ।'

**नरैनापुरलाई विशेष फोकस**

बाँकेको नरैनापुरमा नेकपा एमालेले विशेष कार्यक्रम राख्यो । जहाँ मुख्यमन्त्री आचार्य प्रमुख वक्ता थिए । उनले नरैनापुरलाई राज्यको मुलधारमा ल्याउने, जनताको जीवनस्तर माथि उकास्ने योजनाहरु अघि बढाउने बताए । उनले पिछडिएको ठाउँ र भूगोललाई पहिलो प्राथमिकितामा राखेर योजना तर्जुमा गर्ने स्पष्ट पारे ।

'प्रदेश समग्र विकास नरैनाको विकाससँग जोडिएको छ । यहाँका नागरिकको जीवनस्तर उठेपछि प्रदेशको विकास भएको मानिने छ,' मुख्यमन्त्री आचार्यले भने-'त्यही भएर नरैनापुरको शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, सिँचाइ सबै प्रकारको विकासकालागि प्रदेश सरकार प्रतिबद्ध छ ।'

नरैनापुरको समग्र विकासमा तीन तहका सरकारले एकिकृत योजना निर्माण गरेर कार्यान्वयनमा लग्न सकिने भएकाले त्यसका लागि समन्वय गरिने भनाइ मुख्यमन्त्री आचार्यको छ । संघीय सरकारले जनताको तटबन्ध कार्यक्रममार्फत् राप्ती नदी तटबन्ध गर्दै आइरहेको छ । तर, तटबन्धको कामले गति लिएको छैन । जनताको तटबन्ध कार्यालयका प्रमुखसँग छलफल गर्ने, त्यहाँबाट सम्बोधन हुन नसके प्रदेश सरकारले तटबन्धको योजना अघि बढाउने उनले बताए ।


## माउण्ट एभरेष्ट डिष्टिलरी प्रा.लि.
तिलोत्तमा– १४, टिकुलीगढ, रुपन्देही

**सूचना ! सूचना !! सूचना !!!**

यस डिष्टिलरीबाट उत्पादित ग्रेन स्प्रिट मिति २०८१।०८।०६ गतेदेखि नै नेपालभर लागू हुने गरी निम्नानुसार बिक्री मूल्य सूचि प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।

| ग्रेन स्प्रिट | फैक्ट्री मूल्य रु. | अन्तःशुल्क रु. | मू.अ.कर रु. | जम्मा रु. |
|---|---|---|---|---|
| ग्रेन आर.एस. | १५०। | ८०। | २९।९० | २५९।९० |
| ग्रेन ई.एन.ए. | १५५। | ९०। | ३१।८५ | २७६।८५ |


लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
## घरेलु तथा साना उद्योग कार्यालय
गुल्मी, नेपाल

## उद्योग तथा वाणिज्य मेला प्रदर्शनीमा सहयोगका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः२०८१।०८।०६

यस कार्यालयको आ.व. २०८१।०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार गुल्मी जिल्ला भित्रका लघु, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तु तथा सेवाको प्रचार-प्रसार तथा बजारीकरणमा टेवा पुर्याई आन्तरिक उत्पादनको प्रवर्द्धन गर्ने उद्धेश्यले उद्योग तथा वाणिज्य क्षेत्रका संघसंस्थाहरुबाट आयोजना हुने औद्योगिक तथा व्यापार मेलामा लघु, घरेलु तथा साना उद्योगहरुबाट उत्पादित वस्तुको प्रदर्शनीका लागि उद्यमी तथा व्यवसायिक संघसंस्थालाई व्यवस्थापन सहयोग तथा स्टल भाडा सहयोग गर्ने कार्यक्रम रहेकोले आफ्नो उद्योगबाट उत्पादित सामाग्रीहरु मेला प्रदर्शनीमा प्रदर्शन गर्न इच्छुक उद्योगीहरु तथा व्यवसायिक संघसंस्थाहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलका कागजात सहित कार्यालयमा उपस्थित भई वा कार्यालयको ईमेल ठेगाना csidbgulmi@gmail.com मार्फत प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरुः**

- उद्योगीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- उद्योग दर्ताको प्रमाणपत्र,
- उद्योगको स्थायी लेखा नं.दर्ता प्रमाणपत्र र गत आ.व. सम्मको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- उद्योगबाट उत्पादन हुने वस्तु तथा सेवाको हालको कारोबारको अवस्था र मेला प्रदर्शनीमा सहभागी हुन चाहनुको कारण सहितको व्यवसायिक स्किम ,
- सहभागी हुन चाहेको मेला प्रदर्शनी आयोजक संस्थासँगको स्टल उपलब्ध गराउने सम्बन्धमा उद्योगसँगको सम्झौता पत्रको प्रतिलिपि
- सहभागी हुन चाहेको मेला प्रदर्शनी आयोजक संस्थाबाट प्रति स्टलको दररेट तथा उद्योगलाई आवश्यक स्टल संख्या सहितको सिफारिस ,
- व्यवसायिक संघ संस्थाको हकमा मेलाको उद्धेश्य, यस कार्यलयबाट अपेक्षित सहयोग र सहयोग प्राप्त गरेमा के कति वटा उद्योगलाई निःशुल्क स्टल उपलब्ध गराउने हो त्यस्ता उद्योगको सम्पूर्ण विवरण सहितको विस्तृत योजना ।
- उद्योगी/ व्यवसायिक संघ संस्थाले मेला अवधिभर भएगरेको सम्पूर्ण कारोबारको विवरण मेला समाप्ति पश्चात कार्यालयलाई उपलब्ध गराउने ब्यहोराको प्रतिवद्धता पत्र ।

**पुनश्चः**

- निवेदन, प्रस्ताव तथा व्यवसायिक स्किमको ढाँचा कार्यालयको वेवसाईट www.csigulmi.p5.gov.np बाट डाउनलोड गरी भर्न सकिनेछ ।
- थप जानकारी यस कार्यालयको टेलिफोन नं. ०७९-५२०११२ तथा सूचना अधिकारी ९८५७०८६६५४ वा उद्यम विकास सहजकर्ता ९८५७०६४८३१ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

## Panini Rural Municipality
Office of the Rural Municipal Executive
Durgaphant, Arghakhachi

## Invitation for ElectronicBids

**Notice No. 06/Panini/Procurement/081-82**

First Date of publication: 2024/11/21(B.S. 2081/08/06)

1. Panini Rural Municipality Office, Durgaphant, Arghakhanchi invitesonly electronic bids from duly eligible and qualified registered bidders for the procurement of following Works under NCB. Name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract ID. | Project Description | Estimated Amount (Excluding VAT & Contingency) | Bid Security |
|---|---|---|---|---|
| 1 | PRM/NCB/ Goods/10/081-82 | Procurement of Medicine | NRs. 2,378,062.7 | NRs. 62,000.00 |
| Bid Document Fee : Rs 3,000.00. Last date of Bid Submission : 2024/12/22 12:00 Noon. | | | | |
| Bid Opening : 2024/12/22 1:00 PM . | | | | |

| Bank Name | Name of Office | For Purchasing Bid Document | Cash Deposit for Bid Security |
|---|---|---|---|
| Global IME Bank Ltd.Pokharathok, Arghakhachi | Panini Rural Municipality Office,Durgaphant, Arghakhachi | Ga.1.1Aantarik Rajashwo Khata Panini 21504010000016 | Ga.3.1Dharauti Khata Panini 21504010000009 |

2. Tender Procedures shall follow public procurement act 2063, public procurement regulation 2064 and Standard Bidding Documents along with recent amendments.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


## ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# एउटै व्यक्तिले फलाए चार सय मुरी धान



गुल्मी । जिल्लाको धुर्कोट गाउँपालिका-६ रजस्थलका एउटै व्यक्तिले चार सय मुरी धान फलाएका छन् ।

स्थानीय मेघनाथ अर्यालले सो परिमाणमा धान फलाउनुभएको हो । एउटै व्यक्तिले यति धेरै धान फलाउने अर्याल जिल्लामै एक्लो व्यक्ति हुन् । हालसम्म उनले तीन सय मुरी धान खेतबाट उठाइसकेका छन् भने अझै सय मुरी उठाउन बाँकी छ। "हालसम्म ७५ रोपनी क्षेत्रफलमा लगाएको तीन सय मुरी धान उठाएका छौँ, अब २५ रोपनीको करिब सय मुरी उठाउन बाँकी छ, धान काटेर सुकाउन राखेको छु।

अब थ्रेसर लगाएर धान र पराल छुट्याउन मात्रै बाँकी छ।"-अर्यालले भने। उनले सय रोपनीमध्ये ७२ रोपनी आफ्नो र २८ रोपनी भाडामा लिएर धानखेती गरेका हुन् । भाडामा लिएको जग्गाको वार्षिकप्रति रोपनी तीन हजारका दरले बुझाउँदै आएको अर्यालले बताए ।

यसरी उत्पादन गरिएको धानबाट चामल बनाउने र प्याकेजिङ गरेर बेच्ने उनको योजना छ । "पहाडमा सधैँ तराईबाट चामल आउने भएकाले त्यसलाई रोक्न पनि गाउँमै मिलको स्थापना गरी चामललाई बिक्री गर्ने योजना छ", उनले भने-"मिलका लागि राज्यले सहयोग गरे त धेरै सहज हुने थियो ।"

धान खेतीका साथै उनले व्यावसायिक भैँसीपालन पनि गरेका छन् । उनीसँग अहिले २१ वटा माउ भैँसी, एउटा ठूलो राँगो र १४ वटा पाडापाडी छन् । उत्पादन भएको धानबाट चामललाई ब्रान्डिङ गरी बिक्री गर्ने र भुस भैँसीको आहारका रूपमा प्रयोग गर्ने योजना बनाइरहेको अर्यालले बताए । धान काटेलगत्तै उनले उक्त जग्गामा मकैखेती, घाँस वा अन्य तरकारी लगाउने उनले सुनाए ।

धुर्कोट गाउँपालिकाका अध्यक्ष भुपाल पोखरेलले एउटै किसानले यति धेरै परिमाणमा धान उत्पादन गर्नुले गरे के हुँदैन भनेर अरुलाई पनि राम्रो सन्देश दिएको बताए । यस्ता किसानलाई प्रोत्साहनका लागि पालिकाले आवश्यक सहयोग गर्ने उनको प्रतिबद्धता छ । "मेघनाथले मिल स्थापनाका लागि सहयोग पाए हुन्थ्यो भन्ने गरेको सुनेका छौँ ।

यसमा लागत साझेदारी गर्न पालिका तयार छ । धुर्कोटमै चामलको मिल स्थापना हुने विषय पालिकाको लागि गौरवको विषय हो नि ।"-अध्यक्ष पोखरेलले भने । कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीले गुल्मीमा उत्पादित चामललाई 'ब्रान्डिङ' गर्नुपर्ने बताए । गुल्मी जिल्लाभर यसवर्ष सात हजार हेक्टरमा बर्खे धान लगाएकामा २१ हजार मेक्ट्रिक टन उत्पादन भएको उनले जानकारी दिए ।

# चार महिनामा १२ अर्ब ७२ करोड रुपैयाँको विद्युत् भारत निर्यात

बुटवल । चालु आर्थिक वर्ष (आव) २०८१/०८२ को पहिलो चार महिनामा १२ अर्ब ७१ करोड ९४ लाख ५९ हजार रुपैयाँको विद्युत् भारततर्फ निर्यात भएको छ ।

नेपाल विद्युत् प्राधिकरणले चालु आवको साउन, भदौ असोज र कात्तिकमा देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको एक अर्ब ६६ करोड ७८ लाख ९२ हजार युनिट विद्युत् भारततर्फ निर्यात गरेको छ। चार महिनामा भारततर्फ निर्यात गरिएको विद्युत्को औसतदर प्रतियुनिट सात रुपैयाँ ६३ पैसा छ ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आईएक्स)को डेअहेड तथा रियल टाइम मार्केटमा प्रतिस्पर्धी दरमा र द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौताबमोजिम हरियाणा र बिहार राज्यमा बिक्री गरिरहेको छ । भारतको प्रसारण संरचनाको प्रयोग गरी बंगलादेशमा पनि विद्युत् निर्यात सुरु भइसकेको छ। भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँ (भारु)मा हुने गरेको छ। त्यसैले प्राधिकरणले विद्युत् बिक्री गरी भारु आम्दानी गरिरहेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले असोज महिनामा आएको बाढीपहिरोका कारण सञ्चालनमा रहेका जलविद्युत् केन्द्रहरू र प्रसारण लाइनमा क्षति पुगी विद्युत् उत्पादन बन्द हुँदा निर्यात प्रभावित भएको बताए ।

"सञ्चालनमा रहेका जलविद्युत् आयोजनाहरूमध्ये सबैभन्दा ठूलो ४५६ मेगावाटको माथिल्लो तामाकोसीका संरचनामा पहिरोले क्षति पुऱ्याउँदा विद्युत् उत्पादन बन्द छ, त्यस्तै अन्य साना आयोजनाहरू पनि क्षति पुग्दा विद्युत् उत्पादन हुन सकेको छैन, काबेली करिडोर प्रसारण लाइनलाई माइखोलामा आएको बाढीले क्षति पऱ्याउँदा उक्त लाइनमा जोडिएका विभिन्न आयोजनाहरूको करिब २०० मेगावाट विद्युत् उत्पादन बन्द भयो, जसका कारण असोज र कात्तिकको विद्युत् निर्यात प्रभावित हुनपुग्यो," कार्यकारी निर्देशक घिसिङले भने-"यसबाट चालू आवमा राखिएको करिब ३० अर्ब रुपैयाँ विद्युत् निर्यातको लक्ष्यसमेत प्रभावित हुने देखिएको छ ।"

माथिल्लो तामाकोसीको पुनर्निर्माण धमाधम भइरहेको छ भने काबेली करिडोर प्रसारण लाइनको पुनर्निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेको छ। हिउँद सुरुभएसँगै नदी तथा खोलानालामा पानीको बहाव घट्ने भएकाले जलविद्युत् आयोजनाहरूको विद्युत् उत्पादन कम हुनेछ। उत्पादनले आन्तरिक मागलाई मात्र धान्ने भएकाले अब विद्युत् निर्यात क्रमशः घट्दै जाने छ । हिउँदका केही महिनामा विद्युत् आयात गर्नुपर्ने प्राधिकरणले जनाएको छ ।

साउनमा चार अर्ब १४ करोड ५० लाख ७७ हजार रुपैयाँको विद्युत् निर्यात गरिएको छ । साउनमा ४९ करोड ५६ लाख ६ हजार युनिट विद्युत् निर्यात गरिएको हो । साउनमा निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट आठ रुपैयाँ ३६ पैसा थियो ।

# नेत्रहीन नेपाली टिमलाई भैरहवामा बिदाई



भैरहवा । विश्वकप खेल्नका लागि पाकिस्तान जान लागेको नेपाली राष्ट्रिय नेत्रहीन क्रिकेट टिमलाई बिदाई गरिएको छ । बुधबार रुपन्देही क्रिकेट संघले भैरहवामा एक कार्यक्रमबिच टिमलाई बिदाई गरेको हो ।

पाकिस्तानमा हुन लागेको नेत्रहीन टि-२० विश्वकपमा सहभागी हुन बुधबार नेपाली टिम रुपन्देहीको बेलहिया नाकाबाट भारत हुँदै पाकिस्तानतर्फ प्रस्थान गरेको छ ।

टिममा खेलाडी, अफिसियल, कोच, व्यवस्थापक र मेडिकल टिमसहित २१ जना सहभागी छन् । नोभेम्बर २३ देखि डिसेम्बर ३ सम्म पाकिस्तानको लावर र मुल्तानमा हुने विश्वकपमा नेपाली टिमले प्रतिस्पर्धा गर्ने छ । खेलाडीलाई बिदाई गर्दै सिद्धार्थनगर नगरपालिकाका उप-प्रमुख उमा अधिकारी, रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापा, संघका संस्थापक प्रेमकुमार सेन्चुरी, नेपाल क्रिकेट संघका पूर्वकार्यबाहक सचिव प्रशान्तविक्रम मल्ल, संघका रुपन्देही सचिव सञ्जय गुरुङलगायतले उपाधि जितेर फर्किन शुभकामना दिए ।

खेल मुलुकको प्रतिनिधित्व मात्रै नभएर यसले राष्ट्रलाई चिनाउनसमेत महत्पूर्ण योगदान दिने जनाउँदै सफलताको शुभकामना दिए । उनीहरुले खेलमा जित वा सिकाइमध्ये एक हुने बताउँदै उत्साहसहित प्रदर्शन गर्नका लागि आग्रह गरे ।

नेत्रहीन क्रिकेटमा नेपालले गरिरहेको प्रगती सबैका लागि प्रेरणा भएको समेत उनीहरुले जनाए ।

पाकिस्तानमा हुन लागेको नेत्रहीन टि-२० विश्वकप चौथा संस्करणको हो । नेपाली नेत्रहीन राष्ट्रिय क्रिकेट टिमका कप्तान रमेशबहादुर बानियाँले सरकारी पक्षबाट राम्रो सहयोग नभए पनि केही समयको तयारीले विश्वकप खेल्न जान लागेको जनाए ।

पछिल्लो समय नेपाल क्रिकेट संघले केही सहयोग गरे पनि अन्य सहयोग नपाएको गुनासो उनको छ । छोटो समयको तयारी भए पनि आफूहरुले उपाधि जित्ने विश्वास लिएर टिम एक ढिक्का भएर देशका लागि खेल्ने कप्तान बानियाँले बताए ।

# 'भैरहवामा अन्तर्राष्ट्रिय हवाई उडानले तराईमा पर्यटन विकासको ढोका खुल्यो'

काठमाडौँ । नेपालको पर्यटन भन्नासाथ विशेष गरी हिमालय क्षेत्रलाई मानिन्छ । त्यसैले नेपाल भित्रने अधिकांश पर्यटकको रोजाइ सर्वोच्च शिखर सगरमाथादेखि अन्नपूर्ण, लाङटाङलगायत क्षेत्रमा हुने गर्छ ।

साथै सांस्कृतिक सम्पदा, विभिन्न तीर्थस्थल, पर्यटन राजधानी पोखरा, काठमाडौँ, चितवन र लुम्बिनीलाई पनि पर्यटकीय गन्तव्यका रुपमा लिइन्छ । आन्तरिक तथा बाह्य पर्यटकको पहिलो रोजाइमा पनि यिनै क्षेत्र पर्छन । तर, पर्यटकीय सम्भावना भए पनि तराईका विभिन्न क्षेत्रमा पर्यटनको विकास अपेक्षाकृत रुपमा हुन नसकेको जानकार बताउँछन् ।

यद्यपि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट पछिल्लो समय अन्तर्राष्ट्रिय उडान हुन थालेपछि त्यसक्षेत्रका पर्यटन व्यवसायी उत्साहित भएका छन् । अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले धमाधम उडान सञ्चालन गर्न थालेपछि यस क्षेत्रमा विदेशी पर्यटक बढ्ने र यसले क्षेत्रीय पर्यटन प्रवर्द्धन हुने व्यवसायीको विश्वास छ । भैरहवामा उडान सञ्चालन हुँदा यसले तराई क्षेत्रमा पर्यटकीय सम्भावना उजागर गर्ने उनीहरुको भनाइ छ ।

नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)का साथै थाई एयर एसिया, कतार एयरवेज, जजिरा र फ्लाई दुवईले पनि भैरहवामा उडान सञ्चालन सुरु गरिसकेका छन् । यसबाट लामो समयदेखि अन्यौलता चिर्दै भैरहवास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा चहलपहल अझ बढेको छ ।

नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानले भैरहवामा अन्तर्राष्ट्रिय हवाई उडान सञ्चालन भएसँगै क्षेत्रीय पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे । उनले भने-"मध्यपूर्वी मुलुकबाट भैरहवामा सिधा हवाई उडान सञ्चालन भइरहेको छ, यसले विस्तारै केन्द्रिकृत पर्यटनलाई विकेन्द्रिकृत गर्न सहयोग गर्नेछ ।"

**तराई पर्यटनका लागि समिति**

तत्कालीन पर्यटनमन्त्री शरत्सिंह भण्डारीले तराई पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले तराई क्षेत्रका पूर्व मेचिदेखि पश्चिम महाकालीसम्मका जिल्लालाई समेटेर विभिन्न पर्यटन समिति गठन गरेका थिए ।

झापा, मोरङ र सुनसरीलाई समेटेर 'विराट क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति' र सिरहा तथा सप्तरीलाई समेट्ने गरी पर्यटन समिति बनाइएको थियो । त्यसैगरी बारा, पर्सा र रौतहट जिल्लालाई समेटेर 'सिम्रौनगढ पर्यटन प्रवर्द्धन विकास समिति' बनाइएको थियो । धनुषा, महोत्तरीलाई जोडेर 'विजय मिथिला क्षेत्र पर्यटन प्रवर्द्धन विकास समिति', 'लुम्बिनी क्षेत्र पर्यटन विकास प्रवर्द्धन समिति' र बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलाई समेट्ने गरी 'कर्णाली क्षेत्र पर्यटन विकास समिति' गठन गरिएको थियो ।

तराई क्षेत्र घुम्नैपर्ने उत्कृष्ट १० मा चर्चित अन्तर्राष्ट्रिय ट्राभल साइट लोन्ली प्लानेटले सन् २०२५ मा संसारका घुम्नैपर्ने उत्कृष्ट १० क्षेत्रमा नेपालको तराई क्षेत्रलाई सूचीकृत गरेको छ। लोन्ली प्लानेटले हालै लुम्बिनी, चितवन, बर्दियालगायत क्षेत्रलाई घुम्नुपर्ने गन्तव्यमा सूचीकृत गरेको हो ।

"नेपालको तराई क्षेत्र हिमालय वा काठमाडौँ जति प्रख्यात नहुनसक्छ, तर यी दक्षिणी तराई क्षेत्रमा ठूलो पर्यटकीय सम्भावना छ । चितवन राष्ट्रिय निकुञ्जमा एकसिङ्गे गैँडा पाइन्छ। लुम्बिनीको मायादेवी मन्दिर जहाँ इसापूर्व ५६३ मा भगवान बुद्धको जन्म भएकाले इतिहासिक छ ।"-लोन्ली प्लानेटले उल्लेख गरेको छ।

चितवनको लोकप्रियताले बर्दियालाई जहिले पनि नजिक बनाएको छ, तराईको दक्षिणपश्चिमी समतल क्षेत्रमा रहेको 'वाइल्ड वाइल्ड वेस्ट' पर्यटक र वन्यजन्तुप्रेमीका लागि महत्वपूर्ण छ, लुम्बिनी, बर्दिया, जनकपुरलगायत गन्तव्यमा पर्यटकीय गतिविधि बढाउन सकिने उसको भनाइ छ।

"लोन्ली प्लानेटले तराई क्षेत्रलाई उत्कृष्ट गन्तव्यका रुपमा सूचीकृत गर्नु र संयोगले अहिले नै भैरहवाबाट धमाधम अन्तर्राष्ट्रिय हवाई उडान भइरहेकाले यसबाट पर्यटन विकास खासगरी क्षेत्रीय पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्छ", बोर्डका निर्देशक लामिछाने भने-"यसले नयाँ पर्यटकीय गन्तव्यको प्रवर्द्धन र समग्र देशको पर्यटन विकासमा टेवा पुग्ने विश्वास लिइएको छ ।" बोर्डको तथ्याङ्क अनुसार सन् २०२४ को १० महिनामा नेपालमा नौ लाख ४१ हजार ३२ विदेशी पर्यटक भित्रिसकेका छन् ।

**धमाधम अन्तर्राष्ट्रिय उडान**

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाल एयरलाइन्स सातामा चार दिन आइतबार, सोमबार, बुधबार र शुक्रबार उडान गरिरहेको छ । थाई एयर एसियाले गत कात्तिक १८ गतेदेखि व्यावसायिक उडान सुरु गरेको हो । कम्पनीले प्रत्येक सोमबार र बिहीबार बैंकक उडान गर्ने गरी उडान अनुमति लिएको छ।
कतार एयरवेजले पनि उडान सञ्चालन गरिसकेको छ । उसले प्रत्येक दिन उडान गरिरहेको छ। फ्लाई दुवईले पनि प्रत्येक दिन दुवई-भैरहवा-काठमाडौँ रुटमा उडान गरिरहेको छ।

साथै जजीरा एयरले पनि भैरहवाबाट पुनः उडान सुरु गरेको छ । उसले गत २०७९ जेठ २ गते गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन भएसँगै भैरहवामा उडान सुरु गरे पनि केही समयपछि प्राविधिक कारण देखाउँदै उडान स्थगित गरेको थियो । हाल जजीराले सातामा तीन दिन मङ्गलबार, बिहीबार र शनिबार भैरहवा-कुवेत उडान गरिरहेको छ ।

दुई अन्तर्राष्ट्रिय विमानस्थल पूर्णक्षमतामा सञ्चालन गर्ने सरकारको कार्ययोजना अनुरुप गौतमबुद्ध विमानस्थलमा धमाधम अन्तर्राष्ट्रिय उडान सञ्चालन गरिएको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले बताए । अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि आवश्यक अध्यागमन, भन्सार, सुरक्षालगायतका व्यवस्थापकीय काम चुस्त बनाइएको विमानस्थलले जनाएको छ ।

# रामपुरका खेतबारीमा झुसिल्किराको प्रकोप



रामपुर (पाल्पा) । रामपुरका खेतबारीमा लहलहाएका काउली, बन्दा, साग, मुलामा झुसिल्किराको प्रकोप बढेपछि व्यावसायिक रूपमा सागसब्जी उत्पादनका लागेका किसानहरू नराम्ररी पिरोलिएका छन् ।

रामपुर नगरपालिका-६ प्याक्लुककी अगुवा किसान राधिका बस्यालले काउलीमा झुसिल्किराको प्रकोपले सताएको दुखेसो गरिन ।

"काउलीका बोट फस्टाएका छन् तर कीराका प्रकोपले फूल लाग्न पाएका छैनन् । कीरा मार्ने प्रयास जारी रहे पनि त्यसमा सफल भएका छैनौँ ।"

यसैगरी, रामपुर-५ स्थित राङभाङमा टिकीसरा गौतमको काउलीमा पनि झुसिल्किराले आक्रमण गरेको छ । व्यावसायिक उत्पादनमा लागेकी उनी पनि कीराले पिरोलिएकी छिन् । उनी भन्छिन्-"बोट सप्रेका छन्, कीराको प्रकोपले उत्पादन नै नहुने हो कि भन्ने चिन्ता छ ।

झुसिल्किराको प्रकोप नियन्त्रण गर्न रामपुर नगरपालिका कृषि शाखाले स्थलगत निरीक्षण गरेको छ । पालिकाले किसानलाई निःशुल्क विषादी वितरण गरेको शाखा प्रमुख नारायणप्रसाद गैरेले जानकारी दिए । बेमौसमी खेती भएकाले कीराको प्रकोप भएको उनले बताए । 'इनामेक्टिन इन्जाइम बेन्जोइड' विषादी प्रयोग गर्न किसानलाई सुझाव दिइएको उनले जनाए ।

बालविवाह मुक्त समाज निर्माण गरौं ।
-बालविवाह सामाजिक र कानूनी अपराध हो ।
-बालविवाह गर्ने, गराउने कार्य कानून बमोजिम दण्डनीय हो ।
-तोकेको उमेर नपुगी भएको विवाह स्वतः बदर हुने कानूनी व्यवस्था छ,
त्यसैले,
-बीस वर्ष नपुगी विवाह नगरौं, नगराऔं,
-बालविवाहको विरुद्धमा सबै जुटौं ।
-दोषीलाई कानूनको दायरामा ल्याऔं ।
-बालविवाह मुक्त समाजको निर्माण गरौं ।
नेपाल सरकार विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com